# इनरूवा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
इनरूवा, सुनसरी

## बोलपत्र आव्हान वा E-Bidding को सूचना
## प्रथम पटक प्रकाशित मिति २०७५/०८/१३

यस कार्यालयको आ.ब. ०७५/७६ मा न.पा.को स्वीकृत कार्यक्रम अन्तर्गत तपसिलका निर्माण कार्य बोलपत्रको माध्यमबाट गर्नु पर्ने भएकोले नेपाल सरकार बाट इजाजत प्राप्त निर्माण व्यवसायीहरूबाट निम्न शर्तहरूको अधिनमा रही शिलबन्दी बोलपत्र वा **e-bidding** को माध्यम बाट बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरू**

१. तपसिलमा उल्लेखित दस्तुर (फिता नहुने) नगद बुझाई नगदी रसीद वा नगदै बैंक दाखिला यस कार्यालयको नाममा रहेको राष्ठीय वाणिज्य बैंकको खाता न.२२२०३०४०१८१०२ मा जम्मा गरेको सक्कल भौचर निर्माण व्यवसायीले व्यवसाय नविकरण भएको इजाजत पत्र, आयकर तथा मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र कर चुक्ताको प्रमाणपत्रको प्रमाणपत्र संलग्न राखी इनरूवा नगरपालिका कार्यालय, इनरूवा तथा www.bolpatra.gov.np बाट यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिन सम्म खरिद गर्न सकिनेछ । खरिद भएको बोलपत्र सम्बन्धी कागजात ३१ औ. दिन दिनको १२.०० बजे सम्म इनरूवा नगरपालिका कार्यालय, इनरूवाको नाममा सम्बोधन गरी कामको विवरण, बोलपत्रदाताको नाम, ठेगाना र फोन न. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई शिलबन्दी लाहाछाप गरी इनरूवा नगरपालिका कार्यालय, इनरूवामा मात्र दर्ता गराउनु पर्नेछ । उल्लेखित कार्यालयबाट बिक्री भएका बोलपत्र सम्बन्धि कागजातमा भर्नुपर्ने सम्पुर्ण पानाहरू भरी दर्ता गर्नु पर्नेछ ।

२. दर्ता भएका बोलपत्रहरू अन्तिम दर्ता गर्नु पर्ने दिनको २.०० बजे कार्यालयका प्रतिनिधिहरू र बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको रोहवरमा इनरूवा नगरपालिका कार्यालय, इनरूवामा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरू उपस्थित नभएमा पनि बोलपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन ।

३. बोलपत्र बिक्री तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरू बिदाको लगतै पछि कार्यालय खुलेको दिन सोही बमोजिम हुनेछ ।

४. शिलबन्दी बोलपत्र साथ इनरूवा नगरपालिका कार्यालय, इनरूवाको नाममा राष्ट्रिय बाणिज्य बैंक, ईनरूवा शाखामा रहेका धरौटी खाता न. ०२ ग ३ (२२२०३०३००३००१) मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बराबरको नेपाल राष्ट्रिय बैंक "क" वर्गको मान्यता प्राप्त बैंक बाट इनरूवा नगरपालिका कार्यालय, इनरूवाको नाममा जारी भएको कार्य प्रयोजन एवं ठेक्का नम्बर अनिवार्य रूपमा उल्लेख भएको बोलपत्र जमानत पत्र (बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट ९० दिन सम्म म्याद भएको) पेश गर्नु पर्नेछ ।

५. बोलपत्रदाताले बोलपत्रमा दररेट भर्दा मुल्य अभिवृद्धि कर बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ । बोलपत्रमा प्रत्येक आइटमवाइज दर अंक र अक्षर दुवै स्पष्ट लेखी प्रत्येक पानामा सहि छाप गरेको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएको ठांउमा बोलपत्रदाताको सही छाप भएको हुनुपर्नेछ ।

६. संयुक्त उपक्रमको हकमा मुख्य साझेदार (लिड पार्टनर) को हिस्सा कम्तीमा ४० प्रतिशत तथा अन्य साझेदारहरूको हिस्सा कम्तीमा २५ प्रतिशत हुनुपर्नेछ ।

७. नक्कली कागजात पेश गरी वा मिलोमतो गरी बोलपत्रमा भाग लिएको पाइएमा त्यस्ता बोलपत्रदाताको बोलपत्र रद्ध गरी कालो सुचीमा समावेश गर्न सम्बन्धित निकायमा सिफरिस गरिनेछ ।

८. रित नपुगी वा म्याद नाघी र कुनै शर्त राखी पेश हुन आएका बोलपत्रहरू मान्य हुनेछैन ।

९. बोलपत्रदातालाई बोलपत्र पेश गर्नु अगाडी आफनै खर्च र जिम्मेबारीमा कामको स्थलगत भ्रमण गरी कामको बारेमा स्थलगत जानकारी लिन अनुरोध गरिएको छ ।

१०. बोलपत्र स्वीकृत गर्ने, रद्ध गर्ने र आंशिक रूपमा स्वीकृत गर्ने वा नगर्ने" सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

११. यस सुचनामा उल्लेख नभएका कुराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ (संशोधन सहित) र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ बमोजिम हुनेछ ।

१२. यो सुचना सार्वजनिक खरिद अनुगमनको कार्यालयको website: www.bolpatra.gov.np/egp र इनरूवा नगरपालिका कार्यालयको website: www.inaruwamun.gov.np मा समेत राखिएको छ ।

**तपसिल**

| सि.न | ठेक्का नं. | कामको विवरण | धरौटी रकम रू. | फाराम दस्तुर रू. | कैफियत |
|---|---|---|---|---|---|
| १. | ५/०७५/७६ | घोपाली टोल देखि वडा कार्यालय सम्मको सडकमा कालोपत्रे गर्ने कार्य, इनरूवा-६, मधेशा सुनसरी | ४,७०,०००।०० | ३०००।०० | बहुवर्षिय |
| २. | ६/०७५/७६ | पक्की सडक तथा लकिंग टायल लगाइ सडक निर्माण गर्ने कार्य, इनरूवा-२, सुनसरी | ४,७०,०००।०० | ३०००।०० | बहुवर्षिय |
| ३. | ७/०७५/७६ | कालोपत्रे सडक निर्माण गर्ने कार्य रेडक्रस टोल देखि रामधुनी सिमाना सम्म, इनरूवा-८, सुनसरी | ४,७०,०००।०० | ३०००।०० | बहुवर्षिय |
| ४. | ८/०७५/७६ | कालोपत्रे सडक निर्माण गर्ने कार्य सरस्वती टोल समेत, इनरूवा-३, सुनसरी | ४,७०,०००।०० | ३०००।०० | बहुवर्षिय |
| ५. | ९/०७५/७६ | गणेश घिमिरे देखि जनता मा.वि. सम्म डब्लु. बि. एम. गर्ने कार्य, इनरूवा-६, सुनसरी | १,३५,०००।०० | ३०००।०० | |

**प्रमुख प्रशासकीय अधिकृत**